प्रमाण-पत्र दर्ता नं. २६६३

श्री ५ को सरकार

उद्योग मन्त्रालय

# उद्योग विभाग

## उद्योग दर्ता प्रमाण-पत्र

श्री ५ को सरकार
उद्योग मन्त्रालय

## उद्योग विभाग

(रजिष्टर शाखा)

प्रमाण-पत्र दर्ता नं. 2663/056 मिति : २०५६।२।१२

# उद्योग दर्ता प्रमाण-पत्र

औद्योगिक व्यवसाय ऐन २०४९ को दफा १० बमोजिम निम्न अनुसारको पूँजी एवं क्षमताको यो उद्योग दर्ता गरी प्रमाण-पत्र प्रदान गरिएको छ ।

१) उद्योगको नाम :- मिरा पब्लीकेसन्स प्रा.ली.
२) उद्योग रहने स्थान :- काठमाडौं महानगर पालीका ।
३) उद्योगपतिको नाम :- फ्रान्सीस ल्काटजेल
४) उद्योगपतिको ठेगाना : क्यानडा ।
(क) टेलिफोन नं. : ख) फ्याक्स नं. :
५) उद्योगको स्तर :- सानो ।
६) उद्योगको वर्ग :- सेवा मुलक
७) उद्योगको उद्देश्य :- पब्लीकेसन सेवा प्रदान गर्ने ।
८) वार्षिक उत्पादन क्षमता :- रु. ३५,००,०००।- बराबरको सेवा ।
९) विद्युत शक्ति : :- -
१०) स्थिर पूँजी : रु. १०,७८,०००।-
११) चालु पूँजी : रु. 2,00,000।-
१२) कूल पूँजी : रु. १२,७८,०००।-

2056/2/12

नि. महा-निर्देशक

# उद्योगले पालना गर्नु पर्ने शर्तहरु

१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ । यदि विदेशी जनशक्ति बिना उद्योग संचालन हुन नसक्ने भएमा श्रम विभागको पूर्व स्वीकृति अनिवार्य हुनेछ ।

२) उद्योगमा विदेशी पूँजी लँगानी, प्रविधि उपयोग गर्नु परेमा यस विभागको पूर्व स्वीकृति प्राप्त गर्नु अनिवार्य छ ।

३) छरछिमेकी तथा अरुलाई पिरमर्का नपर्ने गरी उद्योग संचालन गर्नु पर्नेछ ।

४) उद्योगको पुनरुत्थान, आधुनिकीकरण विस्तार वा विविधीकरण गर्दा औद्योगिक व्यवसाय ऐन २०४९ को अनुसूचि २ अन्तरगतको अनुमति लिनु पर्ने उद्योग भएमा विभागबाट अनुमति लिनु पर्नेछ ।

५) अनुमति लिनु नपर्ने उद्योगको पुनरुत्थान, आधुनिकीकरण वा विस्तार गर्दा विभागमा दर्ता गरी मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

६) उद्योग दर्ता भएपछि ४/४ महिनामा उद्योगको प्रगति प्रतिवेदन वार्षिक कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

७) उद्योग चालु भएपछि विभागको तथ्याङ्क शाखामा वार्षिक प्रतिवेदन कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यदि सिजनल वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नु पर्नेछ ।

८) उद्योग दर्ता भएको १ (एक) वर्षभित्र वा इजाजत लिएकोमा इजाजत पत्रमा तोकिएको अवधिभित्र उद्योग स्थापना गरी संचालन नगरेमा विभागले दर्ता वा इजाजत खारेज गर्न सक्नेछ । कुनै कारणवश सो अवधिभित्र संचालन हुन नसकेमा विभागबाट म्याद थपको स्वीकृति लिनु पर्नेछ ।

९) इजाजत पत्रमा वा दर्ता प्रमाणपत्रमा तोकिएको शर्तहरु पालना नगरेमा वा उद्योगलाई प्रदान गरिएको सुविधा दुरुपयोग गरेको पाइएमा औ.व्य. ऐनको दफा २५ अनुसार कारवाही हुनेछ ।

१०) वातावरण सम्बन्धमा विभागबाट दिइने निर्देशन तथा शर्तहरु पालन गर्नु पर्नेछ । वातावरण प्रदुषण नहुने गरी उद्योगको स्थापना र संचालन गर्नु पर्नेछ ।

११) वातावरण नियन्त्रण सम्बन्धमा विभाग र अन्य सम्बन्धित निकायबाट समय समयमा तोकिएका आधारहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

१२) जनसंख्या तथा वातावरण मन्त्रालयले तोकेको शर्तहरु र कार्यविधि अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

१३) कन्सल्टेन्सीको काम गर्न पाइने छैन ।

१४) विदेशी लगानी गरेको परिवर्त्य विदेशी मुद्राको आधिकारीक प्रमाण पेश गर्नु पर्नेछ ।

१५) प्रचलित कानूनको परिधि भित्र रही उद्योग संचालन गर्नु पर्ने छ ।

२०५६।२।१२